# नेपाल बार एशोसिएशन (नेबाए)
# Nepal Bar Association (NBA)

## वार्षिक साधारण सभा

समक्ष

महासचिवद्वारा प्रस्तुत कार्यसमिति‌को प्रतिवेदन

**सुनिलकुमार पोखरेल**
**महासचिव**
केन्द्रीय कार्यसमिति, नेपाल बार एशोसिएशन

**२०७२ साल साउन २३ गते, काठमाडौं**

**नेपाल बार एशोसिएशनका अध्यक्षज्यू,**
**कार्यसमितिका पदाधिकारी, पूर्व अध्यक्ष तथा पदाधिकारीज्यूहरू,**
**वरिष्ठ अधिवक्ताज्यू, नेपाल वार काउन्सिलका पार्षद्ज्यु, सबै बार एकाइका अध्यक्षज्यू,**
**सचिवज्यू तथा पदाधिकारीज्यूहरू, सदस्यज्यूहरू, केन्द्रीय पार्षद्ज्यूहरू र यस गरिमामय साधारणसभामा आसिन कानुनव्यवसायी मित्रहरू ।**

नेपाल बार एशोसिएशनले वार्षिक रूपमा केन्द्रीय कार्यकारिणी परिषद्को बैठक, साधारण सभा तथा तीन/तीन वर्षमा **राष्ट्रिय सम्मेलन** र आवश्यकताअनुसार विशेष सम्मेलनमार्फत कानुनको शासन, संवैधानिक सर्वोच्चता, स्वतन्त्रन्यायपालिका, मानवअधिकार, प्रेस स्वतन्त्रता एवं लोकतन्त्रका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अहोरात्र क्रियाशील रहँदै आएको व्यहोरा यहाँहरूसमक्ष जानकारी भएकै विषय हो ।

मुलुक संविधानसभा मार्फत संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणको निर्णयक चरणमा रहेको अहिलेको अबस्थामा हुन गईरहेको यो गरिमामय साधारणसभा नेबाएको घोषित उद्धेश्य प्राप्तिमा कोसे ढुगां सावित हुन हामीले विश्वास लिएका छौ ।

संविधानसभाले लामो समयको छलफल पश्चात "नेपालको संविधान, २०७२ प्रारम्भिक मस्यौदा" मा जनताले आफ्नो संविधान आफै बनाउने प्रक्रिया स्वरूप २९७ धारा सहितको संविधानको प्रारम्भिक मस्यौदा जनताको सल्लाह सुझावका लाग सार्वजनिक गरे लगत्तै नेबाएले उक्त मस्यौदामा आफ्ना सल्लाहकार, देशभरिका बार एकाइहरूकोसमेत संलग्नतामा प्रारम्भिक मस्यौदाको ६३ वटा धाराहरूमा विभिन्न सुझावहरू तथा केही नयाँ धारा उपधाराहरूसमेत सुझाव स्वरूप प्रस्ताव गरि सोको लिखित दस्ताबेज नै संविधानसभाका सम्माननीय अध्यक्ष सुवाषचन्द्र नेमवाङ्ज्यूमार्फत संविधानसभामा पेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु । नेबाएले सुझावका क्रममा स्वतन्त्र, सक्षम र जवाफदेही न्यायलयको सुनिश्चितता, संविधानबमोजिम प्रस्तावित जिल्ला अदालत, उच्च अदालत, सर्वोच्च अदालत समेतमा कानुनव्यवसायीहरूको समावेशी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता, न्याय सबैका लागि पहुँचयोग्य हुनुपर्ने, न्यायलयमा विद्यमान विकृति, विसंगति र भ्रष्ट्राचारजन्य कार्यको अन्त्यका लागि संवैधानिक व्यवस्था हुनुपर्ने, भ्रष्ट्राचारजन्य न्यायाधीश र कर्मचारी नियुक्ति प्रक्रियाबाटै धेरै प्रभावित भएको हुँदा सोको नियन्त्रणका लाग संरचनागत सुधारको सुनिश्चित गर्ने संवैधानिक व्यवस्था हुनुपर्ने, राज्यको पुर्नर्सरचनामा नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेबमोजिम प्रदेशको सिमांकन र नामाकंनसहितको संविधान जारी गरिनुपर्ने, स्थीर शासकीय स्वरूप, समानताका आधारमा नागरिकता प्राप्ती र समाप्ती, तत्काल उपभोग गर्न सक्ने मौलिक हकको व्यवस्था, संसदीय शासन प्रणालीमा मिश्रित निर्वाचन प्रणालीले पार्न सक्ने नकारात्मक प्रभावको न्यूनीकरणका लागि थ्रेस होल्डको व्यवस्था, राष्ट्रपति तथा उपराष्ट्रपतिमा महिला एक अनिवार्य हुनुपर्ने व्यवस्था, तथा संवैधानिक निकाय तथा विभिन्न निकायहरूमा नियुक्त हुने सदस्य तथा न्यायाधीशहरू उच्च नैतिक चरित्र भएको हुनुपर्नेलगायतका विषयमा दफाबार रूपमा नेबाएले सुझाव प्रस्तुत गरेको थियो ।

यस पूर्व पनि नेबाएले संविधान निर्माणको प्रक्रियालाई प्रत्यक्ष सरोकार र प्राथमिकता प्रदान गरी विशेष संवैधानिक सम्मेलन, २०७१लगायत सहभागितामूलक संविधान निर्माणमा क्षमता अभिवृद्धि देखि अन्तरक्रियात्मक कार्यक्रमहरूसमेत आयोजना गर्दै आएको हामी स्मरण गराउन चाहन्छौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ (१ (ङ) बमोजिम न्याय परिषद्मा नेपाल बार एशोसिएशनको सिफारिसमा नियुक्त हुने सदस्यका लागि मिति २०७२/४/२१ को कार्यसमितिको बैठकमा छलफल हुँदा नेबाए कार्यसमितिमा कुनै एक बरिष्ठ अधिवक्ता वा अधिवक्ताको नाममा सहमति हुन नसकेपछि नेबाएको विधानबमोजिम निर्धारित प्रक्रियाको अवलम्न गर्दै सिफारिस हुने न्याय परिषद्को सदस्य पदका लागि इच्छुक क्रमशः बरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठ, बरिष्ठ अधिवक्ता श्री बाबुराजा जोशी, र अधिवक्ता बेनीबहादुर कार्की  बिच कार्यसमितिमा भएको निर्वाचन बमोजिम बरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठ १० मत, बरिष्ठ अधिवक्ता श्री बाबुराजा जोशी ६ मत र अधिवक्ता बेनीबहादुर कार्कीले शुन्य मत प्राप्त गरेअनुरूप बहुमतका आधारमा बरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठज्यूलाई मिति २०७२/४/२२ गते न्यायपरिषद्को गरिमामय सदस्य पदमा नियुक्तिका लागि सिफारिस गरिएको व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

नयाँ संविधानको प्रारम्भिक मस्यौदाको धारा १५३ (२) मा जिल्ला न्यायाधीशको नियुक्ति प्रतियोगितात्मक परीक्षाद्वारा न्याय सेवाका अधिकृतहरू तथा अधिवक्ताका रूपमा आठ वर्ष वकालत गरेको वा कानुनको अध्यापन, अन्वेषण वा कानुन वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर आठ वर्ष काम गरेको नेपाली नागरिक जिल्ला अदालतको न्यायाधीश पदको लागि हुने व्यवस्था गरेको, उक्त मस्यौदामा सम्माननीय प्रधानन्यायाधीशसहितको फुलकोर्टले पनि सुभाव दिने कार्य गरी संविधान निर्माणको प्रक्रियामा समाविष्ट भइरहेको, कानुन तथा संविधानसभामा मन्त्री स्वयंले पनि उक्त प्रक्रियाको नेतृत्व गरिरहनु भएको परिवेश र संविधानसभाद्वारा नेपालको संविधान केही दिनमानै जारी हुन सक्ने वास्तविकतालाई लत्याई सम्माननीय प्रधानन्यायाधीश स्वयं अध्यक्ष र मन्त्री सदस्य रहेको न्याय परिषद्ले मिति २०७२/४/२१ मा भौतिक संरचनासमेतको अभाव रहेको जिल्ला अदालतहरूमा ६० जना न्यायाधीश नियुक्त गर्ने निर्णयले प्रस्तावित नयाँ संविधानको व्यवस्थालाई छलाई कानुनव्यवसायीको न्यायलयमा प्रवेश गर्ने संवैधानिक अधिकारलाई निषेध गर्ने नियत रहेकोप्रति यो साधारणसभामार्फत खेद प्रस्ताव पारित होस् भनि अनुरोध गर्न चाहन्छौं ।

साथै, मुलुकभरीकै सम्पूर्ण मतदाताहरूको अमूल्य मत पाई हामी वर्तमान कार्यसमिति निर्वाचित भई कार्यभार प्रारम्भ गरेको तीन वर्ष बित्न लागेको हुँदा हरेक तीन वर्षमा हुने नेबाए केन्द्रीय कार्यसमितिको नयाँ निर्वाचनका लागि आगामी २०७२ साल पौष महिनाको अन्तिम शनिबार निर्वाचनको मिति तय गर्ने प्रस्ताव समेत गर्न चाहन्छौं । जुन निर्वाचन गत वर्ष संशोधित विधानबमोजिम २५ सदस्य कार्यसमितिको हुने व्यहोरा यहाँहरूमा अवगतनै छ भन्ने हामीले विश्वास लिएका छौं ।

प्रत्येक तीन वर्षमा हुने राष्ट्रिय सम्मेलन **सम्माननीय राष्ट्रपति डा. रामवरण यादवद्वा**रा समुदघाटन भई **२०७१ चैत्र ५ गते** चितवनमा सफलतापूर्वक सम्पन्न गर्न, गराउनका लागि बिशेष भूमिका निर्वाह गर्नुहुने चितवन जिल्ला अदालत बार एकाइका साथीहरूलाई यस सम्मानित वार्षिक साधारण सभाको उपलक्ष्यमा समेत हार्दिक धन्यावद ज्ञापन गर्दछौं ।

यसैगरी राष्ट्रिय महिला सम्मेलन आयोजना गर्नका लागि आतिथ्यता प्रदान गर्नुहुने दोलखा जिल्ला अदालत बार एकाइ, मानवअधिकार दिवसको दिन मानवअधिकारसम्बन्धी गोष्ठी आयोजनाका लागि आतिथ्यता प्रदान गर्ने जनकपुर पुनरावेदन अदालत बार एकाइलगायत नेबाएको घोषित उद्देश्य परिपूर्ति गर्नका लागि सहयात्रीका रूपमा रही सहयोग गर्नुहुने एसपीसीबीएन/युएनडीपी, आरओएलएचआर, आइसीजे, आइएलएफ नेपालसमेतलाई विशेष धन्यवाद व्यक्त गर्दछौं ।

२०७२ साल बैशाख १२ गते दिनको ११:५६ बजे आएको ७.६ म्याग्निच्यूट रेक्टर स्केलको बिनासकारी भूकम्पले गरेको धनजनको क्षति र सो भूकम्पबाट परेको प्रभावलाई सम्बोधन गर्न नेपाल सरकार, मित्र राष्ट्रहरू, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरूले सञ्चालन गरेको उद्दार कार्य, राहत कार्यक्रमलगायत

बिपद् व्यबस्थापनको सम्बन्धमा नेवाएले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुगमन गर्ने सम्बन्धमा पत्राचार गरी सहमति समेत प्राप्त गरेर केन्द्रिय स्तरमा एक केन्द्रिय अनुगमन समिति र प्रभावित जिल्लाहरूमा जिल्लास्तरीय अनुगमन समिति निर्माण गरि अनुगमन गर्दै आईरहेको छ । यसै क्रममा हालसम्म नेबाएले प्रभावित क्षेत्रमा गरेको स्थलगत अनुगमनवाट प्राप्त भएका तथ्यहरू तथा उद्दार र राहतमा संलग्न भएका अधिकारी, गैरसरकारी संघसंस्था एवम् बिभिन्न व्यक्तिहरू तथा पीडित तथा सरोकारवाला संगको अन्तरक्रियाका आधारमा प्रतिबेदनहरू बनाई नेपाल सरकार तथा सम्बन्धित निकायहरूमा प्रस्तुत गर्दै आइरहेको जानकारी गराउँदै यस कार्यमा राष्ट्रिय मानवअधिकार आयोग, **International Commission of Jurist (ICJ) Nepal, International Legal Fondation (ILF)-Nepal** लगातका निकायहरूसँगको साझेदारीमा कार्यहरू सञ्चालनमा रहेकोसमेत जानकारी गराउँदछौं ।

यसैगरी बिनासकारी भूकम्पका कारणबाट क्षति ब्यर्नुपरेका बार एकाइहरू, कानुनव्यवसायीज्यूहरूलाई विशेष सहयोग प्रदान गर्ने लक्षका साथ राहत कोषको स्थापना गरी राहत कोषमार्फत प्रधानमन्त्री राहत कोषमा रू. १० लाख, भूकम्प प्रभातिव जिल्लामा क्षति भएको बार एकाइहरूलाई र परिवार गुमाएका कानुनव्यवसायीहरूलाई आर्थिक सहयोग गरिएको थियो । यस कार्यका लागि राहत कोषमा सहयोग पुर्‍याउनुहुने सम्पूर्ण कानुनव्यवसायीज्यूहरूलाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्दै **प्रधान एण्ड ल एशोसिएट्सबाट रू. १० लाख प्राप्त भएकोमा प्रधान एण्ड ल एशोसिएट्सलाई र त्यहाँ आवद्ध हुनुहुने सबै महानुभावज्यूहरूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।**

**नेपाल बार एशोसिएसनको मिति २०७१ असोज ३ गते सम्पन्न भएको बार्षिक साधारणसभा पश्चात नेपाल बार एशोसिएसनद्वारा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरू संक्षेपमा यस गरिमामय बार्षिक साधारण सभा समक्ष प्रस्तुत गरेको छु ।**

## नेबाएको विधान संशोधन, २०४८ :

मुलुकमा भएको परिवर्तन सँगै नेबाएको संरचना लगायतमा परिवर्तन गर्न नेबाए विधानमा पनि आवश्यक संशोधन गर्नु पर्ने अवश्यकता महसुस गरि नेबाएको विधानलाई संशोधन परिमार्जन गर्नका लागि नेबाएका उपाध्यक्ष अनिता गुरूङज्यूको संयोजकत्वमा सदस्यहरू सुनिलकुमार पोखरेल- महासचिव, केदार प्रसाद कोइराला- सदस्य, प्रसन्नकृष्ण दास- सदस्य तथा विनीता कार्की- सदस्य, रहेको एक विधान संशोधन मसौदा सुझाव समिति गठन गरिएकोमा ४० औ कार्यकारणी परिषदको सल्लाह बमोजिम उक्त विधान मस्यौदा समितिको विस्तार गर्दै क्रमशः अधिवक्ताहरू हिक्मत सिंह भण्डारी, अधशोककुमार पोखरेल, सुरेन्द्र थापामगर, दिनमणी पोखरेल, हरेन्द्र राई, लिलामणी पौडेल, रमेश बडाल, बासुदेव ज्ञवाली, हरिशंकर कर्ण र हरेरामप्रसाद सर्राफसमेत रहेको विधान मसौदा समिति विस्तार गरि कार्य सम्पादन गरिएको थियो । समितिले चुस्तरूपमा कार्य सम्पन्न गरी नेबाएको विधान, २०४८ लाई समयानुकूल परिमार्जन गर्नका लागि सबै बार एकाइहरूमा प्रश्नावलीहरू बनाई सुझाव तथा प्रतिक्रियाको लागि पठाइएकोमा बार एकाइहरूबाट प्राप्त भएको सुझाव तथा सल्लाहरूलाई अध्ययन गरी यस सम्मानित साधारणसभा समक्ष नेबाएको बिधान संशोधन प्रस्ताव प्रस्तुत गरी पारित भएबमोजिम काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट स्वीकृत प्राप्त गरीएको व्यहोरा यस सम्मानित साधारण सभा समक्ष जानकारी गराउँदछौं ।

## बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ :

बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र त्यसको कार्यान्वयनका सम्बन्धमा रहेका चुनौतीहरूका सम्बन्धमा नेपाल बार एशोसिएशनले विभिन्न क्षेत्रमा रहेका सरोकारवाला पक्षहरूसँग परामर्श गरी नेपाल सरकारलाई सुझाव प्रदान गर्ने उद्देश्यले

देहायबमोजिमको स्थान र मितिमा छलफल कार्यक्रमको आयोजना गरेको थियो । कार्यशालमा कानुनव्यवसायी, सामाजिक कार्यकर्ता, द्वन्द्वप्रभावित तथा द्वन्द्व पीडितहरूको सक्रिय रूपमा सहभागिता भएको थियो भने यस कार्यक्रमलाई **International Commission of Jurist (ICJ)-Nepal** ले प्राविधिक सहयोग प्रदान गरेको थियो ।

| मिति | स्थान | क्षेत्र |
|---|---|---|
| २०७१ असोज १० गते | जनकपुर | मध्यमाञ्चल विकास क्षेत्र |
| २०७१ असोज ११ गते | बिराटनगर | पूर्वाञ्चल बिकास क्षेत्र |
| २०७१ कात्तिक २४ गते | काठमाडौं | राष्ट्रियस्तरको कार्यशाला |

## समिति / कार्यदल गठन गरी सचिवालयको कार्यलाई चुस्तता प्रदान :

- नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिको मिति २०७१/०६/०२ मा बसेको बैठकले कम्पनी कानुनमा संशोधन लगायत कम्पनीको प्रबन्ध पत्र र नियमावलीको मसौदा प्रमाणित कानुनव्यवसायीले मात्र गर्ने संस्थागत सुशासनको कानुन परिपालन परिक्षण गर्ने व्यक्तिको रूपमा बाह्य स्वतन्त्र कानुनव्यवसायीलाई कम्पनी सचिवमा राख्ने सम्बन्धमा समग्र अध्ययन र संयोजनकका लागि नेबाए महासचिव श्री सुनिलकुमार पोखरेलज्यूको संयोजकत्वमा कार्यसमिति सदस्य श्री केदारप्रसाद कोइराला, श्री बिनिता कार्की, श्री रूद्र पोखरेल, श्री सेमन्त निरौला, श्री रविन के.सी., श्री सोमबहादुर भट्टज्यू सदस्य रहने एक कार्यदल गठन गरिएको जानकारी गराउँदछौं ।

## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालसँगको साझेदारीमा सञ्चालित विविध कार्यक्रमः

राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपालसँग विभिन्न समयमा नेबाएमार्फत देहायबमोजिमका कार्यक्रमहरूमा सक्रिय रूपमा प्रतिनिधित्वसहित सहभागिता जनाइएको छ ।

| कार्यक्रमको नाम | मिति | सहभागी संख्या / स्थान |
|---|---|---|
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ असोज ५ गते | २२ जना कानुनव्यवसायी । हरिहरभवन, ललितपुर । |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ कात्तिक १७ गते | २२ जना कानुनव्यवसायी । हरिहरभवन, ललितपुर । |
| प्रक्रियामा आधारित प्रशिक्षक प्रशिक्षण **(TOT)** (पाँच दिने) | २०७१ मंसिर १४ गते | २२ जना कानुनव्यवसायी । हरिहरभवन, ललितपुर । |
| रिट क्षेत्राधिकार सम्बन्धीत तालिम कार्यक्रम (तीन दिने) | २०७१ मंसिर २८ गते | २२ जना कानुनव्यवसायी । हरिहरभवन, ललितपुर । |

त्यसैगरी आ.ब. २०७२/०७३ का लागि राष्टिन्य न्यायिक प्रतिष्ठान नेपालसँगको साझेदारीमा सञ्चालन गरिने नियमित कार्यक्रमहरूका अलवा देहायबमोजिमको तालिम कार्यक्रम सञ्चालनका लागि प्रस्ताव गरिएको समेत यस सम्मानित साधारण सभासक्ष जानकारी गराउँदछु ।

| क्र.सं. | कार्यक्रम | कैफियत |
|---|---|---|
| १. | प्रक्रियामा आधारित प्रशिक्षक प्रशिक्षण **(ToT)** कार्यक्रम | २ वटा |
| २. | नव प्रवेशी कानुनव्यवसायीहरूका लागि रिट सम्बन्धी ३ दिने तालिम कार्यक्रम | ५ वटा |
| ३. | बृहत्तर मेलमिलाप तालिम कार्यक्रम | २ वटा |

| | | |
|---|---|---|
| ४. | आधारभूत मेलमिलाप तालिम कार्यक्रम | ३ वटा |
| ५. | साइबर क्राइमसम्बन्धी तालिम कार्यक्रम | २ वटा |
| ६. | बरिष्ठ अधिवक्ताज्यूहरूको लागि अनुशिक्षण (२ दिने) कार्यक्रम | २ वटा |

## आगामी संविधानमा खाद्य अधिकारको सुनिश्चितता :

नेपाल बार एशोसिएशनको आयोजना तथा **FAO** को सहयोगमा विश्व खाद्य दिवस- २०७१ को उपलक्ष्यमा 'आगामी संविधानमा खाद्य अधिकारको सुनिश्चितता' विषयक परामर्श कार्याशाला बैठक मिति २०७१ कात्तिक ३ गते, होटल एभरेष्ट, नयाँबानेश्वर, काठमाडौंमा आयोजना गरियो ।

## कानुनव्यवसायी महिलाहरूको २३ औं राष्ट्रिय सम्मेलन :

कानुनव्यवसायी महिलाहरूको २३ औं राष्ट्रिय सम्मेलन दोलखा जिल्ला अदालत बार एकाइको आतिथ्यतामा मिति २०७१ कात्तिक २१ र २२ गते दोलखा जिल्लाको चरिकोटमा लैङ्गिक मैत्री संविधानः सभ्यताको पहिचान भन्ने मूल नाराका साथ भव्यताकासाथ सम्पन्न भयो । सम्मेलनमा "भावी संविधानमा महिलाका सवालहरू र "महिलाको न्यायमा पहुँच" दुई अलग/अलग शीर्षकमा कार्यपत्र प्रस्तुत भइ गहन छलफल भएको थियो । सम्मेलनको उद्घाटन सम्माननीय उपसभामुख ओनसरी घर्तीमगरज्यूले गर्नु भएको थियो ।

## परिपूरण एवं प्रभावकारी उपचार सम्बन्धी हक तथा संक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तहरू :

नेपाल बार एशोसिएशनको आयोजना र **International Commission of Jurist (ICJ)-Nepal** को सहयोगमो "परिपूरण एवं प्रभावकारी उपचार सम्बन्धी हक तथा संक्रमणकालीन न्याय सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्तहरू" विषयमा पुनरावेदन अदालत अन्तरगतका जिल्ला अदालतका न्यायाधीशज्यू, त्यसै अन्तरगतका जिल्ला सरकारी वकिलहरू एवं जिल्ला एवं पुनरावेदन बार एकाइका अध्यक्षज्यूहरूको सक्रिय सहभागितामा अन्तरगतका सरकारी वकिलज्यूको सक्रीय सहभागितामा दुई दिने देहायबमोजिमको मिति र स्थानमा एक कार्यशाला गोष्ठिको सफलतापूर्वक सम्पन्न गरियो ।

| मिति | स्थान |
|---|---|
| २०७१ कात्तिक २८ र २९ गते | तुलसीपुर, दाङ । |
| २०७१ मंसिर २६ र २७ गते | बिराटनगर, मोरङ । |

## स्थानीय स्वायत्त शासन ऐन, २०५५ :

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को सम्पूर्ण दफाहरू ऐन लागु भएकै मितिबाट लागु भएता पनि स्थानीय निकायको न्यायिक अधिकारसम्बन्धी दफाहरू क्रमशः दफा ३३ र दफा १०१ लागु नभई हालसम्म कार्यान्वयनमा आउन नसकेको हुँदा ऐनका उल्लेखित दफाहरू तत्काल लागु गर्नेगरी सूचना प्रकाशित गर्नका लागि संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय समक्ष मिति २०७१/०७/२६ का दिन पत्राचार गरिएको जानकारी गराउँदछौं ।

## मानवअधिकार गोष्ठी :

नेपाल बार एशोसिएशनले अन्तराष्ट्रिय मानवअधिकार दिवसको अवसरमा मानव अधिकारसम्बन्धी राष्ट्रिय गोष्ठी २०७१ मंसिर २४ गते **(10 December 2014)** का दिन पुनरावेदन अदालत बार एकाइ जनकपुरको आतिथ्यतामा **'मानव अधिकार र संक्रमणकालिन न्याय'** विषयमा जनकपुरमा भव्यताकासाथ सम्पन्न भयो ।

## न्यायाधीश नियुक्ति सम्बन्धमा :

सबै नियकायमा न्यायाधीश नियुक्तिका सम्न्धमा नेपाल बार एशोसिएशनको सल्लाहकार समितिको बैठक बसी बैठकबाट प्राप्त सुझावसमेतका आधारमा विभिन्न समयमा सर्वोच्च अदालतमा सम्माननीयज्यूमार्फत न्याय परिषद्समक्ष ज्ञापन-पत्र बुझाउँदै न्यायाधीश नियुक्तिको सन्दर्भमा उठेका, उठ्ने गरेको यावत प्रश्नहरूलाई सम्बोधन र सोसम्बन्धी स्थापित मान्यताको स्मरण गराउँदै न्यायाधीश नियुक्ति प्रक्रियालाई सम्मानित र पारदर्शी बनाई न्याय परिषद् र न्यायपालिकाको गरिमामा थप क्षयीकरण हुन नदिन नेबाए सँधै **Watch Dog** को रूपमा रही नियमित कार्यसम्पादन गर्दै आइरहेको छ ।

## निःशुल्क कानुनी सहायता :

- असहाय पक्षलाई प्रदान गर्दै आएको कानुनी सहायताको सेवालाई निरन्तरता दिने उदेश्यले मुद्दा मामिला समितिको संयोजकत्वमा केन्द्रमा एक कानुनी परामर्श सेवा रोष्टर तयार गरी निःशुल्क कानुनी सेवा प्रवाह भईरहेको छ । परामर्श पश्चात पीडित व्यक्तिहरूका लागि आवश्यक पर्ने कानुनी उपचार प्रदान गर्नका लागि जिल्ला कानुनी सहायता समिति भएका जिल्लाहरूमा जिल्ला कानुनी सहायता समिति र अन्य जिल्लाहरूमा बार एकाइहरूलाई पत्रमार्फत निःशुल्क कानुनी सहायता प्रदानका लागि सिफारिस गरिने प्रणालीको विकास गरिएको छ ।
- त्यसैगरी जेलमा रहेका कैदी बन्दीहरूको हकमा समेत नेबाएले जेल भ्रमण गरी कानुनी सहायता प्रदान गर्न आवश्यक रहेका बन्दी तथा कैदीहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्दै आइरहेको छ ।

## साइबर अपराध, साइबर कानुन तथा साइबर सुरक्षा :

नेपाल बार एशोसिएसनले साइबर अपराध, साइबर कानुन तथा साइबर सुरक्षा **(Cyebr Crime, Cyber Law and Cyber Security)** सम्बन्धमा एक दिने कार्यशाला मिति २०७१ फागुन १९ गते सफलतापूर्वक सञ्चालन गरिएको थीयो । यसले गर्दा समाजमा नयाँ अपराधको रूपमा स्थापित हुन गइरहेको साइबर अपराधका सम्बन्धमा जनचेतनासमेत प्रवाह गर्न यस कार्यक्रमले मद्दत गरेको थियो ।

## बिनाशकारी भूकम्प- २०७२ :

- मिति २०७२ बैशाख १२ र २९ गतेको बिनाशकारी भूकम्पका कारण भएको जनधनको क्षतीका सम्बन्धमा गहिरो दुःख ब्यक्त गर्दै महाभूकम्पमा निधन भएकाहरूप्रति हार्दिक समबेदना व्यक्त गर्दछौं । यस राष्ट्रिय विपत्तीबाट भएको क्षतिलाई उचित सम्बोधन हुने गरी पुर्ननिर्माणको कार्यमा सरिक हुनका लागि आव्हानसमेत गर्दछौं ।
- बिनासकारी भूकम्पले गरेको धनजनको क्षति र सो भूकम्पबाट परेको प्रभावलाई सम्बोधन गर्न नेपाल सरकार, मित्र राष्ट्रहरू, राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थाहरूले सञ्चालन गरेको उद्दार कार्य, राहत कार्यक्रमलगायत बिपद् व्यबस्थापनको सम्बन्धमा नेवाएले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई अनुगमन गर्ने सम्बन्धमा पत्राचार गरी सहमति प्राप्त गरी केन्द्रिय स्तरमा एक केन्द्रिय अनुगमन समिति र प्रभावित जिल्लाहरूमा जिल्लास्तरीय अनुगमन समिति निर्माण गरि अनुगमन गर्दै आईरहेको छ ।
- नेबाएका महासचिव श्री सुनिलकुमार पोखरेलज्यूको अध्यक्षतामा 'राहत संकलन कोष' समिति गठन गरी कोषमा जम्मा भएको रकममध्ये प्रधानमन्त्री राहत कोषमा रू. १० लाख जम्मा

गरिएको थियो । यसैगरी सोही कोषबाट अति प्रभावित जिल्ला बार एकाइहरूको बार भबन क्षति भएको भए रू. ५० हजारका दरले सहयोग रकम उपलब्ध गराइएको थियो ।

- भूकम्प पश्चात भूकम्प प्रभावित जिल्ला कारागारहरूकोसमेत अनुगमन गरी कारागारमा रहेका कैदी बन्दीहरूको जीउ ज्यानको सुरक्षाको पूर्ण प्रत्याभूति गर्नुपर्दछ भन्ने हाम्रो धारणा रहेको छ । कारागारमा राखिएका कैदी बन्दीहरूलाई घुमफिर गर्ने अधिकार बाहेक कानुनबमोजिम अन्य सबै अधिकार प्राप्त हुने भएकोले काठमाडौं उपत्यका र भूकम्प प्रभावित जिल्लामा जोखिमयुक्त भवनमा रहेका सम्पूर्ण कैदी बन्दीहरूलाई अविलम्ब सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि नेपाल सरकारलगायत सम्बन्धित निकायहरूलाई आग्रह गरिएको ।
- भूकम्पबाट पीडित भएका पीडितहरूलाई सहजीकरण गर्ने उद्देश्यकासाथ राहत सामग्रीहरूको बितरणमा हुन सक्ने अनियमितताको सूचना सङ्कलन गर्ने र अन्य आवश्यक सहयोग गर्ने नेबाएका उपाध्यक्ष श्री टीकाराम भट्टराईज्यूको संयोजकत्व र उपत्यका बार एकाइका सचिवज्यूहरू सदस्य रहने 'नागरिक सहायता तथा सूचना केन्द्र' गठन गरी कार्य सम्पादन गरिएको जानकारी यस सम्मानित साधारण सभासमक्ष जानकारी गराउँदछौं ।
- भूकम्पबाट अति प्रभावित जिल्लाहरू गोरखा, धादिङ्ग, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, ओखलढुङ्गा, नुवाकोट, रसुवा र सिन्धुली जिल्लामा पाँच सदस्यीय मानवअधिकार घुम्ती शिविर परिचालन समिति गठन गरिएको छ । मानवअधिकार अवस्थाको अनुगमन गर्ने उद्देश्य रहेको समितिमा राष्ट्रिय मानवअधिकार आयोग, नेपाल बार एशोसिएशन, नेपाल पत्रकार महासंघ र गैरसररकारी संस्था महासंघ नेपालको प्रतिनिधित्व रहने व्यवस्था तय भए बमोजिम कार्य प्रारम्भ भइसकेको जानकारी गराउँदछौं ।

## मेलमिलापसम्बन्धि आधारभूत तालिम कार्यक्रम :

नेपाल बार एशोसिएशन र मेलमिलाप परिषद्को सहकार्यमा ८ दिने मेलमिलापसम्बन्धि आधारभूत तालिम कार्यक्रम देहायबमोजिम सफलतापूर्वक सञ्चालन गरिएको जानकारी गराउँदछौं-

| क्र.सं. | मिति | तालिम आयोजना गरिएको स्थान | सहभागी संख्या |
|---|---|---|---|
| १. | २०७२ जेठ ३० गतेदेखि | चितवन | २७ जना |
| २. | २०७२ असार ८ गतेदेखि | काठमाडौं, अल्फा हाउस | २७ जना |
| ३. | २०७२ असार २० गतेदेखि | काठमाडौं, अल्फा हाउस | २७ जना |

मेलमिलाप तालिम कार्यक्रममा समाजसेवी, प्राध्यापक, अवकाश प्राप्त न्यायाधीश, शिक्षकसमेतलाई सहभागि गराइएको थियो । यस अवधिमा मेलमिलापसम्बन्धी आधारभूत तालिम कार्यक्रमबाट ८१ जना कानुनव्यवसायीज्युहरू मेलमिलापसम्बन्धी विषयमा पोख्त हुनु भएको छ । हामी यस्ता तालिम कार्यक्रमलाई अभै बिस्तार गर्ने लक्ष्यमा रहेका छौं ।

## RoLHR/UNDP को साभ्केदारीमा सञ्चालित कार्यक्रम :

- कानुन तथा न्यायको क्षेत्रमा प्रवेश, उपस्थिती र पहिचान बनाउन नसकिरहेको क्षेत्र र बर्गका **(Vulnerable Group)** कानुनव्यवसायीहरूलाई कानुन तथा न्यायको क्षेत्रमा प्रवेश गराई तिनीहरूलाई आत्मनिर्भर बनाउनका लागि नेवाएले **UNDP - Strengthening the Rule of Law and Human Rights Protection System in Nepal (RoLHR)** परियोजनासँग सम्झौता गरी उक्त क्षेत्र तथा वर्गका १५ जना कानुनव्यवसायीहरूलाई ६ महिने अभ्यासमूलक प्रशिक्षण कार्यक्रमको थालनी मिति २०७० माघ २२ बाट शुरू गरिएकोमा **प्रथम चरणको कार्यक्रम** र **दोस्रो कार्यक्रम मा २० जना सहभागी भएको कार्यक्रम २०७२ आर ४ मा सम्पन्न भइसकेको छ**

- **सोहि तालिमको तेस्रो चरणको** लागि तालिम कार्यक्रमलाई क्षेत्रगतरूपमा विस्तार गर्दै मोरङ र बाँकेमा सात सात जना र काठमाडौमा २६ जना सहभागीहरूलाई प्रशिक्षण दिने गरि सम्पूर्ण तयारी पुरा गरि इच्छुक कानुनव्यवसायीहरूका लागि सूचना मिति २०७२ साउन १९ गते सार्वजनिक सुचना प्रकाशित गरि आवेदन आव्हान गरिएको जानकारी गराउँदछौं । तालिम अवधिभर त्यस्ता प्रशिक्षार्थीहरूलाई निश्चित छात्रबृति समेत उपलब्ध समेत गराइने छ । कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालनको लागि निर्देशिका तथा कोर्ष मोडुलको निर्माण तथा निरन्तर परामर्श वैठक सञ्चालन हुनेछ । यो प्रशिक्षण कार्यक्रमबाट प्रशिक्षार्थीहरूलाई पेशामा स्थापित हुन थप मद्दत पुग्ने हाम्रो दृढ विश्वास रहेको छ ।
- नेपाल बार एशोसिएशनले **RoLHR/UNDP** सँगको सहकार्यमा कानुनी सहायता कार्यक्रमको प्रवर्धन तथा लक्षित वर्गको न्यायमा सहज पहुँचको लागि प्रथमतः कानुनी सहायताको क्षेत्रमा सक्रिय रहनु हुने कानुनव्यवसायीको व्यवसायिक तथा विषयगत दक्षता अभिवृद्धि हुन आवश्यक रहेकोले देवानी तथा फौजदारी मुद्दामा कानुनी सहायता प्रदान गर्ने असहाय तथा विपन्न वर्ग र समुदायको कानुनव्यवसायीको भूमिका निर्वाह गर्ने कानुनव्यवसायीको क्षमता अभिबृद्धिकालागि देवानी तथा फौजदारी सम्बन्धि अलग अलग रणनीतिक मस्यौदा तयार पारि सो मस्यौदाका सम्बन्धमा मिति २०७२ असार २१ गतेका दिन एक अन्तरक्रियाको कार्यक्रम आयोजना गरियो ।
- देवानी तथा फौजदारी मुद्धामा कानुनी सहायता प्रदान गर्ने कानुनव्यवसायीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले तालिमको रणनीतिक योजना निर्माण गर्ने कार्यक्रम समेत समावेश भई कार्य भइरहेको छ । यस कार्यक्रममा अधिवक्ताहरू श्री मेघराज पोखरेल, श्री विमल ढकाल, श्री हरि फुयाल र श्री कृष्ण सुवेदीले परामर्शदाताको भूमिका निर्वाह गरिरहनुभएको छ ।
- जिल्ला कानुनी सहायता समितिमा संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रमको सहयोगमा सञ्चालित कानुनी शासन र मानवअधिकार संरक्षण प्रणाली सबलीकरण परियोजना **(RoLHR/UNDP)** को सहयोगमा १० जिल्लाहरू (डँडेलधुरा, सुर्खेत, बर्दिया, दैलेख, धनगडी) गत सालबाट र यस बर्षबाट (खोटाङ, रूकुम, सप्तरी, ताप्लेजुङ र रूपन्देही) मा स्थापना भएको सामाजिक कानुनी सहायता केन्द्र, **(Socio Legal Aid Centre)** मार्फत कानुनी सहायताको कार्य भइरहेको जानकारी गराउँदछौं ।

## SPCBN/UNDP को साझेदारीमा सञ्चालित कार्यक्रम :

नेपाल बार एशोसिएशन र UNDP/SPCBN को सहयकार्यमा LAWYERS TRAINING IN CONSTITUTIONAL LAW AND PARTICIPATORY CONSTITUTION BUILDING PROCESS सम्बन्धी कार्यक्रम सन् २०१३ र सन् २०१४ मा काठमाडौं, बिराटनगर, धनगढी, दाङ, बीरगञ्ज, बुटवल, जनकपुर, राजविराज, नेपालगञ्ज, पोखरामा सफलतापूर्वक सञ्चालन गरि त्यसको सकारात्मक प्रभावका कारण पुनः २०१५ मा सोही स्तरको कार्यक्रम सुर्खेत, बागलुङ र हेटौडामा सफलतापूर्वक सम्पन्न भएको जानकारी गराउँदछौं ।

## आइएलएफ

आइएलएफसँगको सहकार्यमा फौजदारी न्यायमा कानूनी सहायता सम्बन्धी निर्देशिका निर्माण गर्ने उद्देश्यका कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यकालागि अधिवक्ता श्री विजयकान्त मैनाली तथा अधिवक्ता श्री कल्याण पोखरेल परामर्शदाताको रूपमा सहयोग गरिरहनु भएको छ । उहाँहरूबाट निर्देशिकाको मस्यौदा प्राप्त भइ एक चरणमा सरोकारवालाहरूसँगको परामर्श बैठक समेत सम्पन्नभएको छ । विगत वर्षमा आइएलएफसँगको सहकार्यमा कञ्चनपुर, विराटनगर, नेपालगञ्ज, राजविराज, पोखरा, भैरहवा, जनकपुर, चितवन, हेटौंडा, काठमाण्डौंमा ७ दिने

**Criminal Defense Lawyer Training** सम्पन्नभएकोमा यस बर्ष **बुटवल** र **झापा**मा सम्पन्न भएका छन् ।

यसैगरी मिति २०७२ साउन ३० गतेदेखि भदौ ४ गतेसम्म कञ्चनपुरमा ७ दिने **Criminal Defense Lawyer Training** आयोजना गरिएको जानकारी गराउँदछु ।

## कानुनी सहायक तालिम तथा घुम्ति कानुनी सहायता शिविर सञ्चालन :

नर्वेजियन बार एशोसिएशनसँगको सहकार्यमा सञ्चालित परियोजना ३१ डिसेम्वर, २०१३ बाट समाप्त भएको र सो आ.व.को अन्त्यमा प्राप्त अनुदान रकमबाट यस अवधिमा निम्नानुसारका बार एकाइहरू मार्फत निम्नानुसारको कार्यक्रम सञ्चालन भएका छन् । बाँकी रहेको वजेट र कार्यक्रम सञ्चालन गर्न बाँकी बार एकाइमार्फत कार्यक्रम सञ्चालनका क्रममा रहेका छन् ।

| ५ दिने दलितकानून सहायक तालिम | २ दिने घुम्ति कानूनी सहायता शिविर | प्रजनन अधिकार सम्वन्धि सचेतना |
|---|---|---|
| स्याङ्गजा, कास्की, पर्सा, झापा, अर्घाखाँची, ओखलढुंगा, पाँचथर, नुवाकोट, उदयपुर, पाटन, धनकुटा, महेन्द्रनगर,रूपन्देही, डडेल्धुरा, कपिलवस्तु, सप्तरी, ललितपुर, ताप्लेजुङ्ग, भोजपुर, नवलपरासी, चितवन, तेह्रथुम, रौतहट, बाग्लुङ्ग, तनहुँ, धादिङ्ग, सुनसरी, सिरहा, जनकपुर, राजविराज र बाँके । | पोखरा, दैलेख, डोल्पा, हुम्ला, कालिकोट, लम्जुङ्ग, संखुवासभा, गुल्मी, दार्चुला, रोल्पा, चितवन, वैतडी, काभ्रे र वझाङ्ग । | काठमाडौं । |

## १३ औं अखिल नेपाल कानुनव्यवसायी राष्ट्रिय सम्मेलन, २०७१ :

तीन तीन वर्षमा आयोजना गरिने राष्ट्रिय सम्मेलन सदा झै **२०७१ साल चैत्र ५, ६ र ७ गते चितवनमा** आयोजना भव्यताकासाथ सम्पन्न गरियो । सम्मेलनमा देशभरका तीनहजार भन्दा वढी कानुनव्यवसायीहरूको उपस्थिति रहेको थियो । सम्मेलनमा कार्यपालिका, व्यवस्थापिका, न्यायपालिकाका उच्च पदस्थ पदाधिकारी तथा प्रतिनिधिहरू र राष्ट्रिय जीवनका विभिन्न लव्ध प्रतिष्ठित महानुभावहरूका अतिरिक्त विभिन्न अन्तर्राष्ट्रिय पर्यवेक्षक समेत उपस्थित हुनु भएको थियो । सम्मेलनमा न्याय, कानुन र संविधान तथा न्याय प्रशासन एवम् आर्थिक विकास तथा मानव अधिकारसँग सम्बन्धीत विभिन्न नौवटा विषयहरूमा विभिन्न कार्यपत्रहरू प्रस्तुत भई प्राप्त सुझावका आधारमा चितवन घोषणापत्र जारी गरिएको थियो । जसलाई यहाँहरूले **www.nepalbar.org** मा गई हेर्न सक्नुहुनेछ । यस पटकको राष्ट्रिय सम्मेलनको मूल नारा **'संघिय लोकतान्त्रिक गणतन्त्रको निरन्तरता, स्वतन्त्र न्यायपालिका र आर्थिक विकासका लागि पेशागत दक्षता'** तय गरिएको थियो ।

यस राष्ट्रिय सम्मेलनको समुद्घाटन समारोहमा उपस्थित भई महत्वपूर्ण सम्बोधन गर्नु भएकोमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । साथै, सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री कल्याण श्रेष्ठज्यू तथा सम्माननीय सभामुख श्री सुवाषचन्द्र नेम्वाङज्यूप्रति विशेष धन्यवाद व्यक्त गर्दछौं । सम्मेलनको सफल आयोजनाका लागि बिभिन्न क्षेत्रबाट सहयोग गर्ने सबैमा नेबाएकोतर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

## नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदा उपर सुझाव

नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदाका सम्बन्धमा नेबाए सल्लाहकार समितिसँग

छलफल, उपत्यका बार एकाइका पदाधिकारीसँगको छलफल तथा नेबाए अन्तरगत रहेको सबै बार एकाइहरूमार्फत सुझाव सङ्कलन गरी नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदा उपर दफाबार रूपमा सुझाव तर्जुमा गरी सम्माननीय सभामुखज्यूसमक्ष पेश गरीएको जानकारी म यस सम्मानित साधारणसभासमक्ष जानकारी गराउँदै प्रस्तुत गरी सुझावलाई नेबाएको वेभसाइट **www.nepalbar.org** राखीएको जानकारी गराउँदछु ।

## आइबीए तथा ल एशियाको सदस्यता नवीकरण

नेपाल बार एशोसिएशनले सन् २०१६ को सदस्यता शुल्क **LAWASIA** लाई भुक्तानी गर्नुपर्ने सदस्यता शुल्क वापतको २६० अस्ट्रेलियन डलर भुक्तानी गरी सदस्यता नवीकरण गराइएको जानकारी गराउँदै आइबीएको समेत सदस्यता नवीकरणको कार्य नियमित रूपमा गरिदै आएको छ ।

## न्याय परिषद् सदस्यमा मनोनयन

न्यायाधीशहरूको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११३ मा प्रधानन्यायाधीशको अध्यक्षतामा न्याय परिषद् रहने व्यवस्था भएअनुरूप सोही धाराको उपधारा (१) को खण्ड (ङ) बमोजिम नेपाल बार एशोसिएशनको सिफारिसमा प्रधानन्यायाधीशद्वारा नियुक्त हुने सदस्य पदमा नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिको मिति २०७२/०४/२१ गते बसेको बैठकको निर्णयअनुसार बरिष्ठ अधिवक्ता श्री रामप्रसाद श्रेष्ठज्यूलाई मनोनयन गरिएको जानकारी गराउँदछौं ।

## सम्मेलनहरूबाट पारित घोषणा पत्रहरू

नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यकारिणी परिषद्का बैठक क्रमशः बागलुङ, चितवन र काठमाडौंबाट जारी भएका घोषणापत्रहरू तथा राष्ट्रिय सम्मेलन, चितवनबाट पारित घोषणापत्रलाई नेबाएको वेभसाइट **www.nepalbar.org**मा क्रमैसँग मिलाएर राखिएको छ ।

## नेबाएद्वारा प्रेषित बिज्ञप्ती तथा धारणाहरू

नेबाएले संवैधानिक, कानुनी, मानवअधिकारको रक्षार्थ तथा विभिन्न महत्वपूर्ण विषयहरूमा जारी गरेका प्रेस वक्तव्यहरू यहाँहरूको जानकारी एवं अध्ययनको लागि नेबाएको वेभसाइट **www.nepalbar.org** मा क्रमैसँग राखिएको छ । आशा छ यहाँहरूले यि दस्तावेजहरूको गहन अध्ययन गरी आगामी दिनका लागि हामीलाई मार्गनिर्देश गर्नुहुनेनै छ ।

**सुनिलकुमार पोखरेल**
**महासचवि, नेपाल बार एशोसिएशन**

धन्यवाद ।

मिति २०७२ साउन २३ गते, शनिबार, काठमाडौं ।